## पुतलीबजार नगरपालिकाका

## १५ औं नगरसभामा

## नगरप्रमुख श्री तुलसीराम रेग्मीद्वारा प्रस्तुत आ.व.२०८१/८२ को

# नीति तथा कार्यक्रम

**पुतलीबजार नगरपालिका**

**प्रगतिनगर, स्याङ्ग्जा**

**विक्रम सम्बत् २०८१ साल असार ९ गते**

**सभाका सदस्यहरु :**

१. पुतलीबजार नगरपालिकाको प्रमुखको हैसियतले सम्मानित सभालाई सम्बोधन गर्न पाउँदा मलाई खुसी लागेको छ।

२. यस अवसरमा म सर्वप्रथम नगर सभाका सदस्य ज्यूहरु, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मुलुकको सर्वाङ्गीण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका राजनीतिक क्रान्ति, सशस्त्र सङ्घर्ष एवम् आन्दोलनमा आफ्नो अमूल्य जीबन उत्सर्ग गर्नुहुने ज्ञात/अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।यस अवसरमा म नेपालको प्रथम जननिर्वाचित प्रधानमन्त्री जननायक स्वर्गीय विश्वेश्वर प्रसाद कोइरालालाई स्मरण गर्न चाहान्छु। देशमा राजनीतिक परिवर्तनको लागि नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेतागणसहित सम्पूर्ण नेपालीमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

३. वर्तमान सरकार देशमा समाजवादउन्मुख आर्थिक-सामाजिक रूपान्तरणका लागि राजनीतिक स्थायित्व, सुशासन, विकास र सामाजिक न्यायसहित**" शिक्षा स्वास्थ्य र पूर्वाधार, समुन्नत पुतलीबजारको आधार"भन्ने नारा** पूरा गर्न प्रतिवद्ध छ। नेपाली जनताको सुख र समुन्नतिका लागि सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै जनतामा राज्यप्रति आशा र भरोसा जगाउने गरी स्थानीयतहले आफ्ना नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ।

४. संविधान कार्यान्वयन, सङ्घीयताको सवलीकरण, अर्थतन्त्रको सुधार र पुनरुत्थान, उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, सुशासन प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाहमा सुधार र सरलीकरण, नागरिकमैत्री शासन प्रणालीको स्थापना तथा भ्रष्टाचार नियन्त्रण स्थानीय सरकारका मुख्य प्राथमिकता रहेका छन्। सुशासनलाई संस्थागत गर्न, विकास निर्माणलाई गति दिन र सेवाप्रवाहमा सारभूत र आमजनताले अनुभूति गर्नसक्ने सुधार गर्न स्थानीयसरकार प्रतिबद्ध छ ।

५. वर्तमान सरकारले अघि बढाएका नीति तथा कार्यक्रमहरूको समीक्षा, प्राप्त उपलब्धि र कार्यान्वयनबाट हासिल अनुभव तथा सोह्रौं योजनामा आधारित भई आगामी आर्थिक वर्ष २०८१/०८२को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । प्रस्तुत नीति तथा कार्यक्रमले लोकतन्त्रको सुदृढीकरणअर्थतन्त्रको पुनरुत्थान, सुशासन, सामाजिक न्याय र समृद्धिलाई केन्द्रमा राखेको छ।

**सभाका सदस्यज्युहरु ,**

१. सङ्घीय शासन प्रणालीको सबलीकरण तथा तहगत योजना प्रणालीमा अन्तरसम्बन्ध कायम हुनेगरी समन्वय र सहजीकरण गरिनेछ। सोह्रौं योजनाको प्रभावकारी कार्यान्वयन गरी योजना र बजेटबीच तादात्म्यता कायम गरिने छ।

२. सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित बाँकी स्थानीय तहका कानून शीघ्र निर्माण गरिनेछ । स्थानीय तहको न्यायिक निरूपण प्रणालीलाई सुदृढ तुल्याइनेछ ।

३. स्रोतको प्राथमिकीकरण गरी सार्वजनिक खर्चमा विनियोजन कुशलता र कार्यान्वयन दक्षता वृद्धि गरिनेछ।

४. आन्तरिक स्रोतको परिचालनलाई दिगो बनाइनेछ। राजस्वका थप क्षेत्र पहिचान गरी दायरा विस्तार गरिनेछ। आधुनिक प्रविधिको अधिकतम उपयोग गर्दै राजस्व प्रशासनको दक्षता बढाइनेछ।

५. श्रोत बाँडफाँडलाई समन्यायिक, सन्तुलित र अनुमानयोग्य बनाउन विभिन्न सूचकहरुकोआधारमा वडा सिलिङको व्यवस्थापन गरिनेछ।

६. खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र विकासमैत्री बनाइनेछ।

७. बजार अनुगमनलाई थप प्रभावकारी तुल्याउन सरोकारवाला निकायसहितको विशिष्टीकृत बजार अनुगमन समन्वय र परिचालन गरिनेछ र उपभोक्ता हितका लागि सचेतीकरण अभियान सञ्चालन गरिनेछ ।

८. पुतलीबजार प्रज्ञा प्रतिष्ठानको अगुवाईमा वहुआयामिक सर्जक प्रोत्साहन तथा प्रज्ञा प्रतिष्ठानकोसंस्थागतविकास कार्यक्रम सञ्चालन गरिदै लगिनेछ । सो का लागि प्रज्ञा प्रतिष्ठानको प्रतिस्थापन विद्येयक अगाडि बढाईनेछ ।

९. वडा नं. १,३, १३ र १४ लाई नमुना स्मार्ट वडाका रुपमा विकास गर्दै लगिनेछ ।

१०. युवा जनशक्ति परिचालन र क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

११. कर्मचारी प्रशासनलाई चुस्त परिणाममुखी र व्यावसायिक बनाउन पहल गरिनेछ । कर्मचारीसँग गरिने कार्यसम्पादन सम्झौतालाई वस्तुनिष्ठ र मापनयोग्य बनाइनेछ ।

१२. लेखापरीक्षणलाई वस्तुपरक र विश्वसनीय बनाई आर्थिक अनुशासन तथा वित्तीय जवाफदेहिता सुदृढ गरिनेछ । बेरुजु फछ्र्यौट गर्ने कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।

१३. दिगो विकासका लागि निर्धारित गरिएका लक्ष्यहरु, आवधिक योजनाका लक्ष्य तथा उदेश्यहरु,संघीय तथा प्रादेशिक सरकारका मार्गदर्शनहरुको स्थानीयकरण गर्दै लगिनेछ ।

१४. स्थानीय तहमा समायोजन भई आएका कर्मचारीहरुको अनिवार्य दायित्व तथा सेवा निवृत्त सुविधालाई संस्थागत रुपमा व्यवस्थापन गर्दै लगिनेछ ।

१५. उपभोक्ताहित तथा अधिकारको कार्यान्वयन एवं नियमनमा विशेष ध्यान दिइनेछ ।

१६. अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्य अगाडि बढाइनेछ ।

१७. खानीजन्य वस्तुको अन्वेषण सर्वेक्षण उत्पादन तथा उपभोग प्रणालीलाई व्यवस्थित बनाउन निजी क्षेत्रसँग सहकार्य गर्ने नीति लिइनेछ ।

१८. सभाका समितिहरुको गठन, पुनर्गठन तथा समायोजन गर्दै लगिनेछ ।

१९. पुतलीबजार नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको प्रयोगलाई उच्चतम् प्राथमिकतामा राखी **Digital Governance**को अवधारणालाई अङ्गीकार गरिनेछ ।

२०. घर सम्बन्धी तथ्याङ्क अद्यावधिक गर्दै **QR CODE सहितको घर नं** जडान गरी सेवा लाई घर नं सँग आवद्द गर्ने कार्य गरिनेछ ।

२१. नगरपालिकामा शान्ति सु-व्यवस्था र सुरक्षाका लागि विगतमा जडान गरिएका CCTV CAMERA को प्रयोगको अनुगमन तथा आवश्यकता अनुसार मर्मत तथा थप जडान गरिनेछ ।

२२. राजश्व असुलीलाई प्रभावकारी वनाउन करदाता शिक्षा, अभिमुखीकरण तथा घरदैलो अभियान संचालन गरिनेछ । विद्युतीय माध्यमबाट घरबाटै राजस्व भुक्तानी गर्ने प्रविधिको अवलम्बन गरिनेछ ।

२३. **Cyber Security**तथा **Cyber Crime**जस्ता संवेदनशील विषयमा नगरवासीहरुलाई सचेतनामुलक कार्यक्रम गरी यसको बारेमा आवश्यक जानकारीहरुको सम्प्रेषण गरिनेछ ।

२४. प्रत्येक वडामा रहेका खुला सार्वजनिक क्षेत्रबाट उपयुक्त जग्गा पहिचान गरी १/१ वटा पार्क तथा उद्यान विकासका लागि अध्ययन तथा सर्वेक्षण गरिने छ ।

२५. वडा न १ स्थित बसपार्कमा पार्किङ्ग स्थलको व्यवस्थापन गरिने छ ।

२६. वडापिच्छे शुपथ मूल्यका सहकारी पसल स्थापना गर्न प्रोत्साहन गरिने छ ।

२७. सहायक नगर प्रहरी निरीक्षक १ को कमान्डमा प्रहरी जवान ४ जनाको पदपूर्ती गरी नगर सुरक्षा व्यवस्थापन र अनुगमन तथा सामाजिक परिचालनको कार्यलाई व्यवस्थित गरिनेछ ।

२८. कर्मचारीहरुको कार्यसम्पदानको आधारमा सेवा तथा सुविधा थप गर्ने नीति लिइनेछ ।

२९. नगरभित्रका मेलमिलाप केन्द्रको संस्थागत विकासका साथै मेलमिलापकर्ताहरुको क्षमता विकास गर्दै लगिनेछ ।

३०. कर्मचारी र जनप्रतिनिधिहरुको सिकाई आदानप्रदान र क्षमता विकास कृयाकलाप सञ्चालन गरिनेछ ।

३१. सार्वजनिक सुनुवाईको माध्यमबाट संस्थागत सेवा प्रवाह चुस्त र दुरुस्त पार्न सेवा प्रदायक र सेवाग्राही नागरिकबीच दोहोरो सम्वादको सौहार्द्रपूर्ण वातावरण निर्माण गरिनेछ ।

३२. नगरभित्रका उत्कृष्ट करदाता लाई सम्मान गर्ने तथा करदाता क्षमता विकासको कार्य अगाडि बढाइनेछ ।

३३. स्थानीय रेडियो र टेलिभिजन मार्फत नगरका विकास गतिविधि तथा विकासका झलकहरुको प्रचार-प्रसार र सम्प्रेषणको प्रवन्ध गरी नागरिकलाई सु-सूचित गरिनेछ ।

३४. उपभोक्ता समितिलाई योजना तर्जुमा र कार्यान्वयनको ज्ञान, सीप विकासका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३५. जनप्रतिनिधि तथा कर्मचारीहरुको सिकाई तथा क्षमता विकासका लागि सम्वद्ध निकाय तथा क्षेत्रमा अध्ययन अवलोकन भ्रमण गराइनेछ ।

३६. नगरपालिकाका गतिविधिहरु सँग सम्बन्धित संदेशमूलक सूचना, जानकारी सम्प्रेषण गर्नुपूर्व स्वीकृति लिनुपर्ने व्यवस्था गरिनेछ ।

**सभाका सदस्यहरु ,**

३७. सहकारी संस्थाहरूलाई स्थापनाको उद्देश्यअनुरूप सञ्चालन गर्न अभिप्रेरित गरी ती संस्थाहरुको अनुगमन कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ । सहकारी क्षेत्रको नियमन तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिने छ ।

३८. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरि आधुनिकीकरण व्यवसायीकरणमा जोड दिइनेछ ।

३९. कृषियोग्य भूमिको संरक्षण, नदी किनारसहितका बाँझो तथा नदी उकास जग्गाको सदुपयोग गरिनेछ ।

४०. माटोको अम्लीयपना घटाउन र उत्पादन वृद्धि गर्न प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरिनेछ ।

४१. कृषक तथा उद्यमीहरूसँगको साझेदारीमा वडास्तरमा नमूना कृषि फार्म स्थापना गरी सिकाइ केन्द्रको रूपमा विकास गरिनेछ।

४२. परम्परागत र प्राकृतिक तथा पोषणयुक्त रैथाने खाद्यान्न बालीको खेती विस्तार गर्दै व्यवसायीकरण गरिनेछ ।

४३. कृषि, पशुपन्छी तथा मत्स्यपालनका लागि आवश्यक उन्नत बिउ, वेर्ना, दाना, नश्ल, बाच्छी मात्र जन्मने वीर्य, औषधी, खोप, माछाका भुराजस्ता सामग्री पालिकामा उत्पादन गर्न स्रोत केन्द्र स्थापना तथा बिस्तारका लागि पहल गरिनेछ।

४४. कृषियोग्य भूमिमा वर्षेभरि दिगो एवम् भरपदों सिंचाइ सुविधा उपलब्ध गराउन पूर्वाधार निर्माण र वितरण प्रणाली सुदृढ पार्दै जाने नीति लिइएको छ ।

४५. भूमिको प्रकृति, स्वरुप र सम्भावनाका आधारमा जग्गा वर्गीकरण गरी भू-उपयोग योजना बनाई लागू गरिनेछ ।

४६. उद्यमशीलता र नवप्रवर्तनलाई प्रोत्साहित गर्न सहयोग पुऱ्याउने कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ। नगरपालिकाबाट प्रदान गरिने सीपमूलक तालिमलाई उद्यमशीलता विकास र स्वरोजगार प्रवर्द्धन हुनेगरी कार्यन्वयन गरिनेछ ।

४७. भालुपहाड र कैलाश गुफामा पर्यटकीय पूर्वाधार निर्माणमा निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

४८. वैदेशिक रोजगारबाट फर्केका नागरिकका सीप र व्यावसायिक दक्षताका आधारमा उद्यमशीलता विकास तथा रोजगारीका अवसर सिर्जना गर्न पहल गरिनेछ ।

४९. स्थानीय उत्पादन विक्री केन्द्र, कृषि उपज संकलन तथा विक्री केन्द्र र साझा सुविधा केन्द्रहरुको प्रवर्द्धनमा जोड दिइनेछ।

५०. पर्यटन पूर्वाधारको विकास तथा स्थानीय संस्कृति प्रवर्द्धन तथा होमस्टेहरुको क्षमता विकास मा जोड दिइनेछ ।

५१. कृषि, पशुपञ्छी तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिंचाई, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सन्चालनमा जोड दिइ कृषि क्षेत्रलाई किसानमैत्री तुल्याइने छ ।

५२. कृषि तथा पशुपंक्षी जन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रणको व्यवस्था मिलाई पशु प्राविधिकलाई परिचालन गरिने छ ।

५३. पशु आहारको गुणस्तर नियमन तथा नियन्त्रणका लागि ल्याब स्थापना तथा संचालन गरी पशु बधस्थल संचालनको लागि आवश्यक पूर्वाधार निर्माण सम्पन्न गर्ने कार्य अगाडि बढाइनेछ ।

५४. १ टोल १ नर्सरी कार्यक्रमलाई निरन्तरता ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

५५. समुदायस्तरको आवश्यकता पहिचान गरी ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिकीकरणअवलम्बन गर्न तथा कुटानी पिसानी गर्ने मिल वितरणको प्रवन्ध गरिनेछ ।

५६. मेयर सँग विपन्न वर्ग - **“खाना नाना र छाना”**कार्यक्रम अगाडि बढाइनेछ ।

**सभाका सदस्यहरु,**

५७. नगर भित्रका सबै बालबालिकालाई आधारभूत शिक्षा प्राप्त हुने सुनिश्चिताका लागि विद्यालय क्षेत्र भित्र भर्ना अभियान सञ्चालन गरिनेछ ।

५८. नगर भित्रका सवै विद्यालयका व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ लाई सकृय गराई विद्यालयको गुणस्तर सुधारमा लाग्न अभिप्रेरित गरिनेछ ।

५९. SEE परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई तोकिएको मापदण्डका आधारमा सम्मान तथा पुरस्कृत गरिनेछ ।

६०. स्थानीय उत्पादनको उपयोग हुनेगरी आधारभूत तहका विद्यार्थीलाई दिवाखाजा कार्यक्रममा आवश्यक प्रवन्ध गरिदै लगिनेछ ।

६१. सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई नि:शुल्क पाठ्यपुस्तक, विपन्न लक्षित छात्रवृत्ति, छात्रा छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति, दलित छात्रवृत्ति वितरण गरिनेछ ।

६२. आधारभूत तह उत्तीर्ण परीक्षाको संचालन व्यवस्थापन तथा प्रमाणीकरणलाई थप व्यवस्थित बनाईने छ । साथै अन्य कक्षाहरुको परीक्षामा एकरुपता कायम गरिनेछ ।

६३. यसै शैक्षिक बर्ष २०८१ मा आधारभूत तहको कक्षा १ देखि ८ सम्म नगरपालिकाको परिमार्जित स्थानीय पाठ्यक्रम लागु गरिनेछ । सो पाठ्यक्रमको सिकाइ सहजीकरणका लागि सन्दर्भ सामग्रीको निर्माण गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

६४. संस्थागत विद्यालयहरुलाई नगरपालिकाबाट संचालन गरिने हरेक शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा संलग्न गराउँदै संस्थागत र सामुदायिक विद्यालयका असल अभ्यासहरुलाई अनुसरण गर्दै एक आपसमा सिकाइ तथा अनुभव साटसाट गर्ने व्यवस्थाको सुरुवात गरिनेछ ।

६५. संस्थागत तथा सामुदायिक विद्यालयहरुको शैक्षिक भौतिक तथा अन्य प्राविधिक पक्षको नियमित अनुगमननिरीक्षण , तथा नियमन गरिनेछ ।वैकल्पिकमाध्यमको रुपमा ईन्टरनेटको प्रयोग तथा व्यवस्थापनका लागि विद्यालयहरुलाई एकमुष्ट अनुदान को व्यवस्था गरिनेछ ।

६६. विद्यार्थीमा अन्तरनिहित प्रतिभा प्रस्फुटनका लागि माध्यमिक र आधारभूत विद्यालय स्तरीय विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालनका लागि विद्यालयलाई प्रोत्साहन गरिने छ । जिल्ला तथा प्रदेश स्तरीय प्रतियोगितामा भाग लिनकालागि विभिन्न कृयाकलापहरुमा शिक्षकहरुको समेत प्रतिस्पर्धा गराईनेछ ।

६७. विद्यालयका विभिन्न शैक्षिक तथ्याङकहरु एकीकृत शैक्षिक सूचना प्रणालीमा आवद्ध गरी शैक्षिक तथ्याङकमा शुद्धता ल्याइनेछ ।

६८. जिन्सी व्यवस्थापन र लेखा प्रणालीलाइ सुदृढीकरण गरी विद्यालय सुधार योजना निर्माणका लागि विद्यालयलाई जिम्मेवार बनाईनेछ ।

६९. विद्यालयहरुमा लेखा व्यवस्थापन तालिम संचालन गरिने छ।

७०. **पढ्नका लागि कोठा (ROOM TO READ)** कार्यक्रममा निरन्तरता दिदै सबै विद्यालयका शिक्षकहरुलाई सो संस्थावाट शैक्षिक सामग्री निर्माण तथा शिक्षकको पेशागत विकास सम्बन्धी तालिम संचालन गर्न समन्वय गरिनेछ ।

७१. विषयगत समितिहरुलाई सकृय बनाईने छ । प्रस्तावनाका आधारमा विषयगत समितिलाई शैक्षिक गुणस्तर अभिवृद्धिका लागि कार्यक्रम उपलब्ध गराइनेछ ।

७२. आधारभूत तहका मुख्य विषयहरुका विषय शिक्षकहरुलाई पाठ्यक्रमले निर्धारण गरेको विशिष्टीकरण तालिका बमोजिम प्रश्नपत्र निर्माणको अभिमुखीकरण गरी स्तरीकृत परीक्षा सञ्चालनका लागि उत्प्रेरित गरिनेछ ।

७३. सामुदायिक विद्यालयहरुको अनिवार्य लेखापरीक्षण गराई सो को प्रतिवेदनका आधारमा बेरुजु फछ्र्यौट गराउने तथा असुल उपर गर्ने कार्यलाई प्राथमिताका साथ लागु गरिने छ ।

७४. माध्यमिक विद्यालयहरु प्रविधि मैत्री बनाउने, विज्ञान प्रयोगशाला तथा पुस्तकालयको अनिवार्य व्यवस्थागरिने नीतिलाई निरन्तरता दिईनेछ ।

७५. सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क वितरण गर्दै आएको स्यानीटरी प्याडको लागि छात्रा संख्याको आधारमा विद्यालयलाई स्यानीटरी प्याडको व्यवस्थापन गराईनेछ ।

७६. माध्यमिक विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड, आधारभूत तह स्तरीय विभिन्न खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।

७७. नगरभित्रका खेलकुद क्लवहरुलाई आवश्यकताको आधारमा खेलकुद सामग्री उपलब्ध गराईने छ ।

७८. यस पुतलीवजार नगरपालिकाको प्रतिनिधित्व गर्दे नगर स्तरीय जिल्ला स्तरीय, प्रदेश स्तरीय र केन्द्र स्तरका विभिन्न विधाहरु जस्तै खेलकुद, साहित्य, अतिरिक्त कृयाकलापहरुमा उत्कृष्ट नतिजा ल्याउने खेलाडी, शिक्षक, विद्यार्थी, साहित्यकार तथा कलाकारहरुलाई उचित सम्मान गरिनेछ।

७९. माध्यमिक तहमा शुन्य दरबन्दी वा एक दरबन्दी भएका विद्यालयहरुलाई शिक्षण सहयोग अनुदान उपलब्ध गराइनेछ ।

८०. यस नगरपालिका भित्र स्थायी वसोबास भएका गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक शिक्षा अध्ययनका निम्ति सम्बन्धित वडाको सिफारिसमा नगरपालिकाले वार्षिक शिक्षण शुल्कमा दिदै आएको ५० प्रतिशत अनुदानलाई निरन्तरता दिईनेछ ।

८१. नगरभित्र रहेको पाणिनी संस्कृत गुरुकुलम, चण्डीकालिका बहिरा विद्यालय र मदर्शाहरुको सञ्चालन तथा व्यवस्थापनमा जोड दिई, दिईदै आएको अनुदानलाई निरन्तरता प्रदान गरिनेछ।

८२. विद्यार्थी संख्या तथा अन्य सूचकहरुको आधारमा विद्यालयहरुलाई समायोजन, थप शिक्षक दरवन्दी मिलान गर्दै लगिनेछ ।

८३. सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिकमा नगरपालिकाबाट थप गरिएको अनुदानलाई निरन्तरता दिई ती कर्मचारीहरुलाई बढी जिम्मेवार बनाइनेछ ।

८४. बाल सञ्जालका पदाधिकारीहरुको क्षमता विकास गरी बालमैत्री कृयाकलापको अवलम्बन गरिनेछ । मेयर सँग बालबालिका कार्यक्रम अगाडि बढाइनेछ ।

८५. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान एवं अन्तराष्ट्रिय सन्धि सम्झौता एवं प्रतिवद्धताको कार्यान्वयनमा टेवा पुर्याउने कार्यक्रम कार्यन्वयन गरिनेछ ।

८६. नारी दिवसका अवसरमा उत्कृष्टता प्रदर्शन गर्ने प्रतिभाहरुको लागि विशेष कार्यक्रम मार्फत सम्बोधन गरिनेछ ।

८७. लागु पदार्थ तथा दुर्व्यसनी न्यूनीकरण सचेतना अभियान सञ्चालन गरिनेछ ।

८८. लैङ्गिक उत्तरदायी शासकीय पद्धतिलाई संस्थागत गर्दै लगिने छ ।

८९. बाल न्यायप्रणालीलाई थप प्रभावकारी बनाइनेछ। अभिभावकविहीन, असहाय, अपाङ्गता भएका बालबालिका, अशक्त बेवारिसे हिंसापीडित तथा सडक बालबालिकाको उद्धार र संरक्षणका लागिआपत्कालीन बालउद्धार तथा पुन स्थापनाःकार्यक्रम सञ्चालन गरी सबै प्रकारका बालश्रम अन्त्य गरिनेछ ।

९०. अपाङ्ग सहायता सामग्री तथा सहयोग कार्यक्रम मार्फत लक्षित वर्ग विकास कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

९१. संस्कृतिको संरक्षण सम्वर्धन तथा जगेर्ना गर्न पञ्चेबाजा लगायत मौलिक बाजाहरुको संरक्षण प्रवर्द्धनका लागि अनुदान प्रदान गरिनेछ ।

९२. लोपोन्मुख तथा विपन्न वर्गका समुदायसँग मेयरसँग स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९३. हिंसा पीडित महिलाको राहत एव उद्धार कार्यक्रम संचालन, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य सम्बन्धी महासन्धि, बेइजिङ घोषणापत्र, बालबालिकाको अधिकार सम्बन्धी अभिसन्धि तथा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी अभिसन्धिलाई स्थानीयकरण गर्दै लगिनेछ ।

९४. बालबालिकामाथिको दूर्व्यवहार, बालविबाह ,महिला हिंसा, मानव बेचबिखन, बलात्कार, छुवाछुत, लागुपदार्थ दुर्व्यसन, महिनावारी सम्बन्धी कुरीती, दाइजो जस्ता सामाजिक विकृति र शोषण अन्त्य गरिनेछ।

९५. अपाङ्गता मैत्री ,बाल मैत्री,ज्येष्ठ नागरिक मैत्री, महिला मैत्री, सार्वजनिक संरचना तथा सेवाप्रवाहको व्यवस्थालाई प्राथमिकता दिइनेछ ।

९६. आर्थिक,सामाजिक रुपले विपन्न महिलाहरुको साथै एकल महिला,दलित,जनजाति,सीमान्तकृत समुदायका लागि आयआर्जन, क्षमता विकास कार्यक्रमहरु संचालन गरि उनीहरुको सशक्तीकरणमा जोड दिइनेछ ।

९७. हिंसा तथा दुर्व्यवहारमा परेका ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्तिहरुलाई संरक्षण,उपचार र मनोविमर्श तथा कानुनी सहायता उपलब्ध गराउनुका साथै ज्येष्ठ नागरिकप्रति सम्मान अभिवृद्धि गर्न समुदाय स्तरसम्म सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ ।

९८. पूर्ण अशक्त अपांगता भएका व्यक्तिहरुको स्याहार सुसारमा संलग्न व्यक्तिलाई दिईदै आएको स्याहार सुसार भत्तालाई निरन्तरता दिईने छ ।

९९. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत दोहोरोपना नआउने गरी गुणस्तरीय र प्रभावकारी रुपमा योजनाहरु सञ्चालन गर्न वडास्तरीय योजनाहरुसँग आवद्ध गरी साझेदारीमा सञ्चालन गरिनेछ ।

१००. वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित, सुरक्षित, भरपर्दो, पारदर्शी तथा सहज बनाउन वैदेशिक रोजगारीका लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः स्वीकृतिका लागि अनलाइन आवेदन कार्य एवं वैदेशिक रोजगार सम्बन्धि सूचना प्रवाह/ सम्प्रेषण गर्ने कार्यमा जोड दिई सुरक्षित आप्रवासन (SaMi)कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०१. आन्तरिक रोजगारी प्रवर्द्धन गर्न एवं थप रोजगारीको सृजनाको लागि नीजी क्षेत्रहरु सँग सहकार्य गरिनेछ ।

१०२. परम्परागत पेशालाई संरक्षक र सम्वर्द्धन गरिनेछ ।

१०३. कार्यस्थलमा हुने भेदभावलाई न्युनीकरण गर्न श्रमको सम्मान सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०४. प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा नि:शुल्क उपलब्ध गराइनेछ ।

१०५. बाल स्वास्थ्य प्रबर्द्धनमा जोड दिदै पूर्ण खोप सुनिश्चिततालाई निरन्तरता तथा दुई वर्ष मुनिका बालबालिकालाई पोषण प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१०६. विपन्न नागरिकका लागि विशेष सघन स्वास्थ्य उपचार शिविर मार्फत स्वास्थ्यमा पहुँच अभिवृद्धि गरिनेछ ।

१०७. जेष्ठ नागरिक निशुल्क जाँच तथा औषधी वितरण कार्यक्रमलाइ निरन्तरता दिदै थप प्रभावकारी बनाइनेछ ।

१०८. ज्येष्ठ नागरिकलाई घरमा नै नियमित स्वास्थ्य परीक्षण एवम् औषधी उपलब्ध गराउने व्यवस्था मिलाउदै लगिनेछ ।

१०९. सुरक्षित मातृत्वको कार्यक्रमलाई प्रभावकारी बनाउदै **" पूर्ण संस्थागत सुत्केरी युक्त पालिका बनाउने अभियान "** लाई निरन्तरता दिइ मातृ मृत्यु दर कम गर्दै लगिनेछ ।

११०. स्वास्थ्य स्वयं सेविकाहरुको भूमिकालाई कदर गर्दै उनीहरुको सेवा प्रवाहमा थप उत्प्रेरणाको लागि संघ सरकारसगको समन्वयमा नि:शुल्क स्वास्थ्य बीमा, तालिम लगायतका कार्यक्रम सन्चालन गरिनेछ, साथै मासिक रुपमा उपलब्ध गराइने यातायात खर्चलाई निरन्तरता दिईनेछ ।

१११. आयुर्वेद तथा प्राकृतिक चिकित्सालाई प्रोत्साहन गरिने छ साथै योग, ध्यान लगायतका साधानालाई वडास्तरमा विस्तार गर्दै लगिनेछ ।

११२. उपमेयर सँग गर्भवती महिलालाई क्याल्सिम, पोसिलो खाना तथा विद्यालयहरुमा जुकाको औषधी वितरण संचालन गरिने छ ।

११३. मृगौला रोगीहरुको लागि स्याङ्जा जिल्ला अस्पतालसँगको समन्वयमा नि:शुल्क डायलेसिस सेवा संचालनलाई निरन्तरता दिइने छ ।

११४. सन् २०५० सम्ममा क्षयरोग मुक्त नेपाल राष्ट्रिय रणनिति अनुरुप क्षयरोग मुक्त नगरपालिकाको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

११५. पुतलीबजार नगरपालिकामा खानेपानी गुणस्तरीयतालाई मध्यनजर गर्दै खानेपानीको गुणस्तरीयता अभिवृद्धि गरी स्वास्थ्यमा पर्ने असर न्यूनीकरण गरिनेछ ।

११६. विद्यालयहरुमा महिनावारी स्वच्छता व्यवस्थापन कार्यक्रम सन्चालन गरिनेछ ।

११७. पालिकामा एच.आइ.भि एड्स भएका विरामी लक्षित कार्यक्रम संचालन गरिनेछ ।

११८. पालिकाअन्तर्गत आकस्मिक अवस्थाका बिरामीको लागि एम्बुलेन्स सेवा व्यवस्थापन गरिनेछ ।

११९. स्वास्थ्य संस्थाहरुमा उपचारसँग सम्बन्धित अभिलेख एवम् सेवाप्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाइनेछ ।

१२०. महामारी रोकथाम र नियन्त्रण तथा स्वास्थ्य आपत्कालीन अवस्थाको पूर्वतयारी र प्रतिकार्यका लागि जनस्वास्थ्य निगरानी प्रणाली सुदृढ गरिनेछ। ।

१२१. वैकल्पिक एवम् प्राकृतिक तथा परम्परागत चिकित्सा पद्धतिको अनुसन्धान, विकास र विस्तार गरिनेछ। नागरिक आरोग्य कार्यक्रमलाई समुदाय स्तरसम्म विस्तार गरिनेछ।

१२२. स्वास्थ्य चौकी नभएका वडाहरुमा स्वास्थ्य चौकी भवन निर्माणको लागि पहल गरिनेछ ।

**सभाका सदस्यज्यूहरु ,**

१२३. विकास आयोजना छनौट गर्दा सामाजिक-आर्थिक लाभ, वडागत सन्तुलन, उत्पादन र रोजगारी सिर्जनालाई प्रमुख आधार लिई सकभर पूर्वतयारी पूरा भएका र प्रतिफल सुनिश्चित भएका आयोजना छनौट गरिनेछ। आयोजनाको कार्यान्वयन प्रगतिका आधारमा सम्पन्न गर्ने, निरन्तरता दिने, स्थगन गर्ने वा खारेज गर्ने नीति लिइनेछ।

१२४. सडक पूर्वाधारलाई गुणस्तरीय र सुरक्षित बनाई रणनैतिक तथा व्यापारिक महत्वका सडकहरुको निर्माण र स्तरोन्नति एवं विस्तार गर्दै लगिनेछ ।

१२५. आधा घण्टा हिडाईको फेरोभित्र तरितराउको सुविधा सुनिश्चित हुनेगरी झोलुङ्गे पुल निर्माण कार्य अगाडि बढाईनेछ ।

१२६. दिगो तथा वातावरण मैत्री यातायात प्रणालीको विकासमा जोड दिदै पुतलीबजार नगरपालिका र वडा कार्यालय तथा स्वास्थ्य केन्द्रसम्म जोड्ने सडकलाई कालोपत्रे/ढलानले जोड्ने तथा ग्रामीण सडकलाई कम्तिमा बाह्रै महिना चल्न सक्ने गरी **All Weather Road** का रुपमा विकास गरिनेछ ।

१२७. गरीब असाहय तथा सीमान्तकृत समुदाय बसोबास गर्ने अव्यवस्थित तथा झुपडी खरको छाना भएका बस्तीलाई व्यवस्थित बस्तीमा स्तरोन्नति गरिनेछ ।

१२८. भवन संहिता कार्यान्वयनका लागि प्राविधिक दक्षता वृद्धि गरिनेछ । विपद् प्रतिरोधी दिगो सहरी विकास तथा व्यवस्थापन गरी सहरी जीवनस्तरमा सुधार ल्याईनेछ । सरकारी तथा सार्वजनिक भवन र विपन्न समुदायका आवासीय भवनको प्रबलीकरणमा पहल गरिनेछ ।

१२९. स्वच्छ, गुणस्तरीय र भरपर्दो खानेपानी सुविधा उपलब्ध हुनेगरी खानेपानीका कार्यक्रम कार्यान्वयन गरिनेछ । विभिन्न क्षेत्रबाट वितरण भईरहेको खानेपानीको गुणस्तर परीक्षण र नियमनका लगि तथ्याङ्क संकलन र अद्यावधिक गरिनेछ । N WASH कार्यक्रम मार्फत तथ्याङ्क संकलन वर्गीकरण एवं योजना तर्जुमाका लागि प्रदेश सरकार सँग साझेदारीमा कार्य अगाडि बढाईनेछ ।

१३०. नगरका भौतिक पूर्वाधारको आवश्यकता र सम्भावना बमोजिमका कार्यालय, विद्यालय र सामुदायिक भवन, सडक, खानेपानी,सरसफाई केन्द्र , खेलकुद मैदान लगायतका पूर्वाधार विकासका कार्यलाई प्राथमिकताका साथ अघि बढाईनेछ । साथै वडा कार्यालय भवन नभएका वडाहरुमा वडा कार्यालय भवन निर्माणमा पहल गरिनेछ । निर्मित नयाँ वडा कार्यालय भवन संचालन तथा व्यवस्थापन गरिनेछ ।

१३१. नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा नगर क्षेत्रभित्रका अव्यवस्थित रुपमा रहेका टेलिफोनका तार र अन्य तार हटाई सुन्दरता बढाइनेछ,पुतलीबजार नगरपालिकाभित्र रहेका विद्युत प्रसारण लाइनका खुला तारहरुलाई एबिसी केबलले प्रतिस्थापन गरिनेछ। अव्यबस्थित घर टहरा र अतिक्रमित सडक पेटी हटाइने छ ।

१३२. नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत बिश्व बैंकको अनुदानमा यस नगरपालिकाद्वारा सन्चालित आयोजना प्रगतीनगर बहाकोट नाम्चे काल्खु सडक निर्माणकार्यको कार्यान्वयन गरिनेछ ।

१३३. संघ तथा प्रदेश सरकारसँग साझेदारीमा सेवाग्राहीमैत्री र सुविधायुक्त प्रशासनिक भवन निर्माणको कार्य अगाडि बढानेछ ।

१३४. नगरपालिकाको आर्थिक तथा प्राविधिक क्षमताका कारण नगरपालिकास्तरबाट सम्पन्न गर्न नसकिने ठुला खालका आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR) सहितको योजना बैंक तयार गरी आवश्यकता अनुसार केन्द्रीय तथा प्रदेश सरकारसँग बजेट माग गरी सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ ।

१३५. पुतलीखेत बजारको सौन्दर्यता वृद्धि गरी मौलिक शहरका रुपमा विकास गर्न बजारक्षेत्रभित्र ढुङ्गा छपाउने कार्य अगाडि बढाउन पहल गरिनेछ ।

१३६. नगरपालिकाभित्र निर्माण हुने भौतिक पूर्वाधारहरु अपाङ्गमैत्री,वालमैत्री,वातावरणमैत्री र हरित सडकका रुपमा विस्तार र स्तरोन्नति गर्ने नीति लिइनेछ।

१३७. नगर क्षेत्रभित्र रहेका धार्मिक तथा पुरातात्विक महत्वका महत्वका मठ मन्दिर, सत्तल, पाटी, पौवा, मस्जिदहरुको मर्मत तथा जिर्णोद्धारमा जोड दिइनेछ ।

१३८. भौतिक पूर्वाधार विकास लगायत सार्वजनिक सरोकारका विषयमा सार्वजनिक नीजि साझेदारी नीति अवलम्बन गरिने छ ।

१३९. नगरपालिकाको भु-उपयोग योजना तयार गरी अव्यवस्थित खण्डीकरण निरुत्साहित गर्दै जग्गा विकास कार्यक्रम लागु गरिनेछ ।

१४०. नेपाल सरकार शहरी विकास मन्त्रालयबाट जारी गरिएको बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ को अधिनमा रही नगरपालिका बस्ती विकास सम्बन्धी कार्यविधि तर्जुमा गरी जोखिममुक्त भवन निर्माणको इजाजत प्रदान र नियमन गरी अव्यवस्थित भवन निर्माणलाई  निरूत्साहित गरिनेछ । भवन निर्माण कार्य व्यवस्थित गर्न एकीकृत भवन मापदण्ड निर्देशिका तर्जुमा गरी लागु गरिनेछ ।

१४१. नक्सापास कार्य व्यवस्थित र प्रविधिमैत्री बनाउँदै आवेदन, स्वीकृति एवं इजाजत दिने प्रक्रिया क्रमशः  अनलाइन मार्फत मात्र हुने व्यवस्था मिलाइनेछ । ग्रामीण क्षेत्रमा जोखिममुक्त कच्ची आवास निर्माणका लागि निःशुल्क नक्सापास र प्राविधिक सहयोग उपलव्ध गराइनेछ ।

१४२. साबिकमा नक्शापास नभई  निर्माण भएका भवनहरुको एकपटकको लागि ३ महिना अवधि राखी भवन अभिलेखीकरण गर्ने अभियान संचालन गरिनेछ  ।

१४३. पर्यटकीय पुतलीबजार नगर निर्माणका लागि पहिचान भएका क्षेत्रहरुको विकाससँगसंगै यातायातको लागि पैदल मार्ग, ट्रेकिङ रुट, बस र विद्युतीय बस, केवलकाररुट,प्याराग्लाइडिङ,Rock-climbingलगायतका Mass Transportation संचालन सम्बन्धमा सम्भाव्यता अध्ययन गरिनेछ ।

१४४. जिल्ला प्रशासन कार्यालय,प्रहरी प्रशासनसँगको सहकार्य र समन्वयमा ट्राफिक व्यवस्थापन चुस्त र दुरुस्त बनाइनेछ । पुतलीबजारको  बजार क्षेत्रमा  सार्वजनिक पार्किङ स्थलको उचित व्यवस्थापन गरिनेछ ।

१४५. फोहोरमैलालाई कुहिने र नकुहीने बर्गीकरण गरी संकलन गरि ब्यबस्थापन गर्न आधुनिक उपकरणहरु खरिद गरी प्रयोगमा ल्याइनेछ ।

१४६. "एक घर एक धारा " अभियानलाई नगरका सबै वडा र टोल टोलसम्म क्रमशः पुर्‍याउदै नागरिकको स्वच्छ र स्वस्थ खानेपानीको पहुंच अभिवृद्धि गरिनेछ ।

१४७. संघ सरकारको “एक स्थानीय तह एक उद्योग ग्राम“को नीति अनुरुप औधोगिक ग्राम संचालन गर्नको  लागि पहल गरिनेछ ।

१४८. सडक निर्माण गर्दा नयाँ ट्र्याक खोल्ने कार्यलाई भन्दा भएका सडकहरुको स्तरोन्नती कार्यमा जोड दिइनेछ। ट्र्याक खुलिसकेका सडक योजनामा स्तरोन्नती गर्दा कुल कामको कम्तीमा ६० % काम संरचना निर्माण गर्ने गरी कार्यान्वयन गरिनेछ ।

१४९. उपभोक्ता समिति मार्फत संचालन गरिने विकास निर्माणको कार्यमा कम्तिमा १० % जनसहभागितामा संचालन गरिनेछ ।लागत सहभागितामा आधारित कार्यक्रम संचालन गरी बढी लागत सहभागिता जनाउने योजनामा प्राथमिकता दिई योजना छनौट र कार्यान्वयन गरिनेछ ।

१५०. अनुगमन कार्यलाई प्रभावकारी बनाउन गुणस्तर मापन यन्त्र/ उपकरण प्रयोग गरी पूर्वाधार विकास निर्माण कार्यको गुणस्तर मापन गरी नियमन गरिनेछ ।

१५१. पु ब न पा १, ३ र १४ लाई जोड्ने सार्वजनिक जग्गामा त्रिवेणी धामको DPR बमोजिमका संरचना निर्माणका लागी प्रदेश तथा संघ सरकार सँग आवश्यक बजेटको व्यवस्था गर्न पहल गरिनेछ ।

१५२. खानीसम्बन्धी सम्भाव्य स्थलहरुको पहिचान, सम्भाव्यता अध्ययन र विकास गरिनेछ ।

१५३. कभर्ड हल संचालनका लागि आवश्यक कार्यविधि तथा मापदण्ड निर्माण गरी सोही बमोजिम संचालनमा ल्याईनेछ ।

१५४. " उज्यालो नगर ",कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१५५. मिलेनियम ट्र्याकलाई प्रवर्द्धन गरिनेछ ।

१५६. मर्मत सम्भार कोषबाट निर्मित संरचनाहरुको मर्मत सम्भारका लागि कार्यक्रम अगाडि बढाइनेछ ।

१५७. उत्कृष्ट उपभोक्ता समितिलाई निर्दिष्ट सूचकका आधारमा सम्मानित गरिनेछ ।

१५८. समृद्ध पुतलीबजार निर्माणका लागि नगरका गौरबका आयोजनाहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

**सभाका सदस्यहरु ,**

१५९. डढेलो, बाढी व्यवस्थापन,सुख्खा र जल पुनर्भरण गर्न स्थानीय सामग्री प्रयोग गरी प्रत्येक वडामा सर्वेक्षण गरी कम्तीमा १/१ पोखरी निर्माण गरिनेछ ।

१६०. वन्यजन्तु मैत्री पूर्वाधार निर्माण, नवीन प्रविधिको जैविक मार्ग पुनःस्थापना तथा वैकल्पिक कृषि बाली प्रर्वद्धन गरी वन्यजन्तु बासस्थान सुरक्षा एवम् बन्यजन्तुबाट मानव तथा कृषिमा पर्ने असरलाई न्यूनीकरण गरिनेछ । बाँदर, हरिण, दुम्सी बदेल गायतका जीबजन्तुबाट बालीनालीमा हुने क्षति न्यूनीकरण गर्न नियन्त्रणात्मक कार्यक्रम सञ्चालन गर्न प्रदेश तथा संघ सरकार सँग आवश्यक पहल गरिनेछ ।

१६१. जलवायु परिवर्तनको असर न्यूनीकरण र जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका राष्ट्रिय नीति तथा कार्ययोजना कार्यन्वयन गरिनेछ ।

१६२. फोहोरमैलाको दिगो व्यवस्थापनको लागि स्थलको पहिचान, अध्ययन, अनुसन्धान गरी उचित स्थलको पहिचान गर्ने र स्थललाई आधुनिक प्रविधिमैत्री बनाउँदै जनस्वास्थ्यमा असर पर्न नदिनका लागि विशेष जोड दिइने छ।

१६३. विपदबाट प्रभावित संरचनाहरुको पुनःनिर्माण तथा पुनः व्यवस्थापन लागि संघ तथा प्रदेश सँग समन्वय गरी उच्च प्राथमिकता दिई कार्य अगाडि बढाईने छ ।

१६४. विपद् जोखिम न्युनीकरण तथा राहतका लागि नगरपालिकामा विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१६५. विपद् पूर्व र पछिको उद्दार कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन वडास्तरमा स्वयंसेवी संस्थाहरु व्यवस्थापन गरी वडा तथा नगरपालिकालाई आवश्यक स्रोत साधनको प्रबन्ध गरिनेछ ।

१६६. फोहोरमैला व्यवस्थापन शुल्कबाट टोल विकास संस्थाहरुले प्राप्त गर्ने २५ प्रतिशत रकम बाट टोलकै निर्णयमा सरसफाई अभियानमा खर्च गर्ने प्रबन्ध मिलाइनेछ ।

१६७. कार्यस्थलमै फोहोर व्यवस्थापन तथा सेग्रिगेशन तालिम दिइनेछ ।

१६८. घर भित्रको फोहोर व्यवस्थापन अन्तरगत छुट्टाछुट्टै जैविक/अजैविक गरी बर्गिकरण गर्न लगाउने, फोहोर न्यूनीकरणका लागि जैविक फोहोरबाट कम्पोष्ट मल बनाइ कौसीखेती प्रर्बद्धन गर्नका लागि आवश्यक पहल गरिनेछ ।

१६९. अत्यावश्यक क्षेत्रको वातावरणीय अध्ययन गर्ने कार्य अगाडि बढाईनेछ ।

१७०. सफाई अभियान सञ्चालन गर्ने र सफाई केन्द्रको क्षमता विकास गरिने छ ।

१७१. सरसफाई सँग सम्बन्धितक्षमता विकास कार्यक्रम मार्फत टोल विकास संस्थाका पदाधिकारीहरुको क्षमता विकास गरिनेछ ।

१७२. जलवायु परिवर्तनको प्रभाव तथा असर न्युनीकरणका लागि निजी क्षेत्रसँगको सहकार्यमा विविध कार्यक्रम संचालन गरिनेछ ।

१७३. नगर भित्रका विभिन्न ढल निकास तथा व्यस्थापन कार्यबाट उत्सर्जित फोहोरमैलाको प्रशोधनका लागि Water treatment plant र दिशाजन्य लेदो प्रशोधन तथा व्यवस्थापनका लागि सरोकारवाला संघ संस्थाहरु सँग सहकार्य गरिनेछ ।

१७४. ४० माइक्रोन भन्दा पातलो प्लाष्टिक झोला तथाअतिथि सत्कारमा प्रयोग हुने पोलिष्टर जन्य खादा र अन्य प्लाष्टिक जन्य सामग्रीको प्रयोगलाई निरुत्साहित गरिनेछ ।

**सभाका सदस्यहरु,**

आर्थिक वर्ष २०८१/८२ को यस नीति तथा कार्यक्रमले राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको प्रभावकारी कार्यान्वयन गर्दै जनताको सुशासन, सामाजिक न्याय र समृद्धिको आकाङ्क्षालाई आत्मसात् गरेको छ। उच्चदीगो र समावेशी, आर्थिक वृद्धिमा योगदान गर्ने क्षेत्रमा लगानी वृद्धि गरी सबल र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न यस नीति तथा कार्यक्रमले योगदान पुऱ्याउनेछ । यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट नगरबासीलाई सुरक्षा. सामाजिकसंरक्षण, शिक्षा, स्वास्थ्यजस्ता सेवा सहज रूपमा उपलब्ध भई सामाजिक न्याय कायम गर्न मद्धत गर्नेछ। यसबाट नागरिकको जीवनस्तरमा गुणात्मक सुधार आई जनताको विकास र सुशासन प्रतिको उच्च अपेक्षालाई सम्बोधन गर्दै लगिनेछ ।

नेपाली जनताको ठूलो त्याग, सङ्घर्ष र बलिदानबाट स्थापना भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संरक्षण र संवर्द्धन गर्दै लोकतान्त्रिक र जनउत्तरदायी राजनीतिक व्यवस्थाको माध्यमबाट मुलुकलाई सुशासन र अग्रगमनको दिशामा अघि बढाउन हाम्रो सरकार द्दढ सङ्कल्पित छ। संविधान र प्रचलित कानूनले निर्देश गरे बमोजिम राज्यका नीति र आम नागरिकमा सुशासन विकास र समृद्धिको आकाङ्क्षालाई पूरा गर्न तथा आफ्नो कार्यशैली र कार्यप्रणालीलाई थप चुस्त , नतिजामुखी र नागरिकमैत्री बनाउदै लगिनेछ ।

सहमति, सहकार्य र सामूहिक प्रतिबद्धताबाट यस नीति तथा कार्यक्रममा अन्तर्निहित उद्देश्य प्राप्त गर्न सकिन्छ भन्ने हाम्रो विश्वास रहेको छ। स्थानीय आवश्यकता, उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना गुणस्तरीय सेवाप्रवाह, सामाजिक सुरक्षा र आर्थिक पुनरुत्थानको विषयलाई प्राथमिकतामा राखी प्रस्तुत यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा स्थानीय सरकारलाई सबैबाट सक्रिय सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु।

अन्त्यमा, यसनगरको विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक, श्रमिक निजी सहकारी र सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चारजगत् लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस नगरको विकासमा सहयोग पुऱ्याउने छिमेकी पालिका , नगरविकास साझेदार, सरोकारबाला सबै र सम्बद्ध समुदायलाई पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**धन्यवाद !**